नेपाल सरकार

गृह मन्त्रालय

**विषय : थप राहत उपलब्ध गराउने सम्वन्धमा ।**

**प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति : २०७३।०६।१९**

**१. विषयको संक्षिप्त व्यहोरा :**

देशका विभिन्न भागमा बाढी पहिरोबाट जनधनको क्षति भैईरेको अवस्था हुँदा सो क्षतिबाट पिडित परिवारहरुलाई क्षतिको अवस्था अनुसार नेपाल सरकारबाट राहत उपलब्ध गराउदै आएको छ । यसै बिषयलाई मध्यनजर गरी बाढी पहिरोबाट घरबास पूर्ण क्षति भएका परिवारलाई थप राहत दिन आवश्यक देखिएको छ । यसैले मुलुकका विभिन्न भागमा ०७३ साल बैशाख १ गते देखि २०७३ आश्विन १८ गतेसम्म आएको बाढी पहिरोबाट पूर्ण रुपमा घर क्षति भएका र अन्यत्र बसोबास गर्ने आफ्नै घर नभएका पीडित परिवारहरुको लागि मात्र थप राहत वापत प्रति परिवार रु. १५,०००/- (पन्ध्र हजार) सम्बन्धित जिल्ला दैवी प्रकोप उद्धार समितिहरु मार्फत भुक्तानी दिन नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष सिफारिश गर्ने गरी केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७३/०६/१९ गतेको बैठकबाट निर्णय भएको छ ।

**२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुरा :**

सम्मानीय प्रधानमन्त्रीज्यूबाट २०७३ साल आश्विन १५ गते प्यूठान जिल्लाको बाढी पहिरोबाट प्रभावित क्षेत्रको भ्रमणको सिलसिलामा सम्बोधन गर्दा उक्त जिल्लाका बाढी पहिरो पीडितलाई राहत तथा पुनर्स्थापना गर्ने सम्बन्धमा निर्देशन भएबमोजिम कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७३/०६/१६ को पत्रबाट अनुरोध भै आएको ले सो बिषयलाई समेत सम्बोधन गरी केन्द्रीय दैवी प्रकोप उद्धार समितिको बैठकबाट निर्णय भएको अवस्था छ । यस वर्षको बाढी पहिरोबाट मुलुकका विभिन्न स्थानमा जनधनको क्षति र घरबास समेत पूर्णक्षति भएको विवरणहरु गृह मन्त्रालयमा प्राप्त भए अनुसार सो विषयमा समेत केन्द्रीय दैवी प्रकोप उद्धार समितिको बैठकमा छलफल हुँदा २०७३ साल बैशाख १ गते देखि २०७३ आश्विन १८ गतेसम्म देशका सबै जिल्लाहरुमा आएको बाढी पहिरोबाट पूर्ण रुपमा घर क्षति भएका र अन्यत्र बसोबास गर्ने आफ्नै घर नभएका पीडित परिवारहरुलाई तत्काल राहत वापत प्रति परिवार थप राहत रकम रु. १५,०००/- (पन्ध्र हजार) उपलब्ध गराउन उपयुक्त देखि केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७३।६।१९ को बैठकले नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष सिफारिश गर्ने निर्णय गरेको छ ।

**३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयका सिफारिश :**

मुलुकको विभिन्न स्थानमा बाढी पहिरोबाट पूर्णरुपमा घरबास क्षति भै घरबास नभएका घर परिवारलाई तत्कालै थप राहत स्वरुप रु. १५,०००/- (पन्ध्र हजार) उपलब्ध गराउन मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न माननीय उप-प्रधानमन्त्री तथा गृह मन्त्रीज्यूबाट मिति २०७३।६।१९ मा प्रस्ताव पठाउने स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची-१ को विषय संख्या १६ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

**४. निर्णय हुनुपर्ने व्यहोरा :**

२०७३ साल बैशाख १ गते देखि २०७३ आश्विन १८ गतेसम्म विभिन्न जिल्लामा आएको बाढी पहिरोबाट पूर्ण रुपमा घर क्षति भएका र अन्यत्र बसोबास गर्ने आफ्नै घर नभएका भनि जिल्ला दैवी प्रकोप उद्धार समितिबाट यकिन भएका पिडित परिवारहरुको लागि मात्र थप राहत स्वरुप रु. १५,०००/- (पन्ध्र हजार) सम्बन्धित जिल्ला दैवी प्रकोप उद्धार समितिहरु मार्फत उपलब्ध गराउने ।

मिति : २०७३।६।१९

(लोकदर्शन रेग्मी)
सचिव

श्री सचिव,
गृह मन्त्रालय ।

थप राहत उपलब्ध गराउने विषयको गृह मन्त्रालयको नं. ९/७८-०७३/६/२० को प्रस्ताव मं.प.बै.सं. ३६।०७३ मिति २०७३।६।२० को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले, सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु –

<u>नेपाल सरकारको निर्णय</u> –

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

( डा. सोमलाल सुवेदी )
मुख्यसचिव
२०७३/६/२०